तपाईं आफ्नो जीवनलाई कसरी सुरक्षित राख्न र उचित तरिकाले संकटबाट बाहिर निस्कन सक्नुहुन्छ भन्ने बारे सावधान रहनुहोस्।

कोरोना भाइरस रोग (COVID-19) लाई अनुदान नदिइने भएता पनि,

*विपद आइपर्दा,* ***सिद्धान्ततः तपाईं खतरापूर्ण ठाउँबाट बाहिर निस्कनुपर्छ।***

# सचेत रहनुपर्ने 5 वटा बुँदा

- बाहिर निस्कनु भनेको खतराबाट टाढा जानु हो। **यदि तपाईं सुरक्षित स्थानमा हुनुहुन्छ भने, तपाईं इभाकुएसन आवासमा जानु पर्दैन**।
- इलिमेन्टरी र जुनियर हाई स्कूल्स वा सामुदायिक केन्द्रहरू मात्र विकल्पहरू होइनन्। **यदि सुरक्षित भएमा नातेदार वा साथीको घरमा गएर बस्ने बारे**सोच्नुहोस्।
- त्यहाँ**मास्क, किटाणुनाशक र थर्मोमिटरहरूको अभाव छ।** सम्भव भएसम्म, **आफ्नै ल्याउनुहोस्**।
- **तपाईंको स्थानीय इभाकुएसन सेन्टरहरू परिवर्तन भएका वा संख्यामा बढेका हुन सक्छिन्।** विपत्तिको अवधिमा **आफ्नो स्थानीय सरकारको वेबसाइट आदि हेर्न** सुनिश्चित गर्नुहोस्।
- कारमा भएता पनि मुसलधारे पानी परेको बेला **बाहिर जानु खतरापूर्ण हुन्छ**। यदि तपाईंलाई **रातभर कारमा बस्न दवाव दिइयो भने, तपाईं बाढीको प्रकोपमा आउनुहुन्न भन्ने सुनिश्चित गर्न आफ्नो वरपर आदिमा एकदमै सावधानीपूर्वक हेर्नुहोस्**।

क्याबिनेट कार्यालय (विपत् व्यवस्थापन) र
आगलागी तथा विपत् व्यवस्थापन एजेन्सी



# यो तपाईंको घर सुरक्षित छ वा छैन भनी जाँच गर्ने समय हो!

## इभाकुएसन फ्लो चार्ट

**सुरु गर्नुहोस्!** **इभाकुएट गर्न अर्थात बाहिर निस्कन तपाईंले के गर्नुपर्छ?**

संकटको नक्सामा आफ्नो घरको स्थान फेला पार्नुहोस् र चिन्ह लगाउनुहोस्।*

* संकट नक्सा भनेको बाढी वा पहिरोहरू जस्ता विपदहरूको उच्च जोखिम भनी रङ लगाइएका क्षेत्रहरू भएको नक्सा हो। यद्यपि, विपदहरू रङ नलगाइएका क्षेत्रहरूमा पनि आइपर्न सक्छ।

तपाईंको घर रङ लगाइएको क्षेत्रमा छ?

छैन → तपाईं रङ लगाइएको क्षेत्रमा बस्नुभएको छैन भने पनि, यदि उक्त क्षेत्र वरपर क्षेत्र भन्दा तल छ वा चुचुरोको नजिक छ भने, तपाईंले स्थानीय सरकारद्वारा उपलब्ध गराइएको जानकारी हेर्नुपर्छ र उचित तरिकाले बाहिर निस्कनुपर्छ।

छ ↓

तपाईंको घर विपदहरूको लागि अति संवेदनशील छ भने, तपाईं सिद्धान्ततः* आफ्नो घरबाट बाहिर निस्कनु अर्थात इभाकुएट गर्नुपर्छ।

अपवाद →

* बाढी आउने जोखिम भएका क्षेत्रहरूमा भएता पनि, निम्न अवस्थाहरूमा तपाईं आफ्नो घरमा सुरक्षित तरिकाले बस्न सक्नुहुन्छ:

1) तपाईं बाढीबाट घरहरू भत्किने वा नष्ट हुने उच्च जोखिम भएको क्षेत्रमा हुनुहुन्न भने।

2) तपाईंको घर बाढीको गहिराइ भन्दा उच्च भाग भएको ठाउँमा छ भने।

3) बाढी आएता पनि, बाढी हट्दासम्मका लागि तपाईंसँग पर्याप्त पानी, खानेकुरा र अन्य आपूर्तिहरू छ भने।

* पहिरो जाने क्षेत्रहरूमा भएता पनि, यदि तपाईं पर्याप्त मात्रामा भवनको माथिल्लो तलामा जस्तै अपार्टमेन्टहरूमा बस्नुहुन्छ भने तपाईं सुरक्षित तरिकाले घरमा बस्न सक्नुहुन्छ।

तपाईं र तपाईंसँग भएको अरु कसैलाई बाहिर निसक्न अर्थात इभाकुएट गर्न समय लाग्नेछ?

लाग्छ ↓

तपाईंका कोही सुरक्षित स्थानमा बसेका र तपाईं पनि बस।न सक्ने नातेदार वा साथी छन्?

- छन् → स्तर-3 को चेतावनीको अवस्थामा, सुरक्षित स्थानमा आफ्नो नातेदार वा साथीको घरमा जानुहोस्। (विपदका अवस्थाहरू आउनुअघि यस बारे उनीहरूसँग अनुरोध गर्नुहोस्।)
- छैनन् → स्तर-3 को चेतावनीको अवस्थामा, तपाईंको स्थानीय सरकारद्वारा डिजाइन गरिएको इभाकुएसन आवासमा जानुहोस्।

लाग्दैन ↓

तपाईंका कोही सुरक्षित स्थानमा बसेका र तपाईं पनि बस।न सक्ने नातेदार वा साथी छन्?

- छन् → स्तर-4 को चेतावनीको अवस्थामा, सुरक्षित स्थानमा आफ्नो नातेदार वा साथीको घरमा जानुहोस्। (विपदका अवस्थाहरू आउनुअघि यस बारे उनीहरूसँग अनुरोध गर्नुहोस्।)
- छैनन् → स्तर-4 को चेतावनीको अवस्थामा, तपाईंको स्थानीय सरकारद्वारा डिजाइन गरिएको इभाकुएसन आवासमा जानुहोस्।